जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्ष: १२, अंक: १३६ पृष्ठ: ४ | २०८२ भदौ ३१ गते मंगलबार (Tuesday 16 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## आफुमाथि लगाइएको आरोप झुठा र भ्रामक छन् : वडा अध्यक्ष सिंह

सिरहा, ३० भदौ । सिरहाको गोलबजार नगरपालिका-९ का वडा अध्यक्ष सुरेन्द्र कुमार सिंहले आफूमाथि लगाइएको आरोपलाई झुठा र भ्रामक भन्दै खण्डन गरेका छन् । उनले सोमबार पत्रकार सम्मेलन गरी आफूलाई राजनीतिक प्रतिशोधका कारण फसाउन खोजिएको दाबी गरेका हुन् । अध्यक्ष सिंहमाथि जेनजिको आन्दोलनको दोस्रो दिन राति वडा कार्यालय पुगेको र त्यहाँको महत्वपूर्ण कागजात तथा कम्प्युटर चोरी गर्न खोजेको आरोप केही स्थानीय र राजनीतिकर्मीहरूले लगाएका थिए ।

तर अध्यक्ष सिंहले भने, म चोरी गर्ने नियतले होइन, गोप्य सूचनाका आधारमा सुरक्षाको दृष्टिकोणले कार्यालय पुगेको हुँ । सूचना पाएपछि मैले वडा सदस्य र सचिवलाई जानकारी गराएँ र दुई जना वडा सदस्यसँगै कार्यालय गएको हुँ । उनले आरोपलाई व्यक्तिगत दुश्मनी र बदनाम गराउने नियतका कारण सामाजिक सञ्जाल र केही सञ्चारमाध्यममा प्रचारबाजी गरिएको बताए । त्यसबेला को कहाँ छ भन्ने प्रष्टै थिएन । मलाई सूचना आएको थियो, कार्यालयमा तोडफोड र आगजनी गर्ने योजना बनेको छ। त्यसैले म सुरक्षाको दृष्टिकोणले पुगेको उनले स्पष्ट पारे । सिंहका अनुसार त्यतिबेला केही स्थानीय र राजनीतिकर्मीले आफुजरु पनि सुरक्षाको दृस्ठिकोणले हेर्ने भनेर आग्रहपछि उनीहरूले सामग्री तथा मोटरसाइकल त्यहाँ राखेर फर्किएका थिए । तर पछि हामीलाई चोरी गर्न आएको र मोटरसाइकल छाडेर भागेको आरोप लगाइयो, जुन सरासर गलत, झुठा र भ्रामक रहेको बताए ।

यता,स्थानिय र वडा सद्स्य सहित वडा सचिवले आफुहरुलाई जान्कारी गराएर नै वडा अध्यक्षले केही स्थानिय र सदस्यको पहलमा वडाका समाग्री सुरक्षित स्थानमा सार्न गएको बताए । हाम्रो सबैको सल्लाहमा नै समाग्री सार्न आएको र केही स्थानिय र राजनितिकर्मीले लगाएको चोरीको आरोप झुठो र भ्रामक रहेको बताए । सत्य तथ्य बुझेर मात्र बिश्वास गर्न उनिहरुले आग्रह गरे ।

## प्रहरीलाई चौकीमा स्वागत



महोत्तरी, ३० भदौ । जेनजी आन्दोलनका क्रममा सुरक्षामा चुनौती थपिएपछि जिल्लाका विभिन्न ठाउँका चौकी छाडेर हिंडेका जिल्ला प्रहरी कार्यालयका प्रहरी फिर्ता हुन थालेका छन् । जिल्लामा निषेधाज्ञा र कर्फ्यु हटेसँगै जनजीवन सामान्य हुन थालेपछि प्रहरी आफू कार्यरत चौकीमा फर्किन थालेका हुन् । सो क्रममा आइतबार सोनमा गाउँपालिकाको मगरथाना र औरहीको प्रहरी चौकीलगायतका ठाउँमा प्रहरी फिर्ता भएका छन् ।

**-बाँकी तीन पेजमा**

## मानवअधिकार आयोगको नौ बुँदे आह्वान

काठमाडौं, ३० भदौ । राष्ट्रिय मानव अधिकार आयोगले 'जेन-जी' प्रदर्शनका क्रममा ज्यान गुमाएकाहरूको पोस्टमार्टम, दाहसंस्कार तथा पीडित परिवारलाई राहतलगायतका कार्यमा विशेष ध्यान दिन आह्वान गरेको छ । आयोगका प्रवक्ता टीकाराम पोखरेलले आज निकाल्नुभएको विज्ञप्तिमा नौ वटा बुँदामार्फत आह्वान गरिएको छ । विज्ञप्तिमा देश, नागरिक, लोकतन्त्र, मानव अधिकार र विधिको शासनलाई केन्द्रमा राखी सबै सरोकारवालाहरूको सहभागितामा आउँदा कार्यहरू अगाडि बढाउन भनिएको छ । अन्योलपूर्ण अवस्थालाई तात्त्विक निष्कर्षमा पुऱ्याउन सबैले धैर्य र संयमतापूर्वक अगाडि बढ्न पनि आयोगले आह्वान गरेको छ । प्रदर्शनका क्रममा भएका आगजनी र तोडफोडबाट भएको क्षतिको विवरण सङ्कलन गरी भौतिक पुनर्निर्माण र सेवा प्रवाहमा जोड दिन आयोगको आह्वान छ ।

## मधेस प्रदेश सरकारको वैधानिकताबारे प्रश्न उठ्दै

जनकपुर, ३० भदौ । मधेस प्रदेशमा अहिले सरकार छ कि छैन भन्नेबारे नै प्रश्न उठिरहेको छ । प्रदेश सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले आफ्नो मुख्यमन्त्री तथा मन्त्रीहरूलाई फिर्ता बोलाउने निर्णय गरेपछि प्रदेश सरकारविहीन भएको हो । जनमतले आफ्नो दललाई प्रदेश सरकारबाट फिर्ता बोलाएको झन्डै ४८ घण्टा भइसकेको छ, तर अहिलेसम्म प्रदेशमा सरकार निर्माणबारे कुनै प्रक्रिया सुरु भइसकेको छैन । मुख्यमन्त्री सतिश सिंहले लिखित रूपमा राजीनामा नबुझाएका कारण नयाँ सरकार निर्माणमा अन्योल बढेको जनाइएको छ । प्रदेश सभामा सहभागी दलहरू मुख्यमन्त्रीको औपचारिक राजीनामा कुरिरहेका छन् ।

त्यसो त जेनजी आन्दोलन चलिरहेको समयमा मुख्यमन्त्री सिंहले सामाजिक सञ्जालमार्फत राजीनामाको घोषणा गरेका थिए । त्यस यता पार्टीले नै सरकारबाट फिर्ता हुने निर्णय गरिसके पनि मुख्यमन्त्रीले औपचारिक रूपमा राजीनामा नदिएका कारण अन्योल बढेको हो । सत्तारुढ दल एमाले मधेसका संसदीय दलका नेता एवं भौतिक पूर्वाधारमन्त्री सरोज यादवले अहिले सरकार निर्माणबारे कुनै प्रक्रिया अगाडि नबढाइएको बताए । मधेस सरकारबाट जनमत पार्टी बाहिरिएको, तर लिखितरूपमा मुख्यमन्त्रीको राजीनामा अझै नआएको उनको भनाइ छ ।

यादवले भने, 'अहिले विषम परिस्थिति छ । त्यही भएर केही गर्न सक्ने अवस्था छैन । मुख्यमन्त्रीज्यूले लिखितरूपमा प्रदेश प्रमुखसमक्ष राजीनामा बुझाएपछि मात्रै थप प्रक्रियाका बारेमा बहस सुरु हुन्छ ।' कांग्रेस संसदीय दलका नेता कृष्ण यादवले मधेस प्रदेश अहिले सरकारविहीन नरहेको बताए । रातोपाटीसँगको कुराकानीमा उनले भने, 'जनमत पार्टीले आफ्ना मुख्यमन्त्री तथा मन्त्रीहरूलाई त फिर्ता बोलाएको छ, तर मुख्यमन्त्रीज्यूले राजीनामा लिखितरूपमा बुझाउनु भएको छैन । त्यो नबुझाउँदासम्म अर्को सरकार निर्माणबारे बहस चलाउन सकिँदैन । किनकि, सविधानतः मुख्यमन्त्रीले फेरि विश्वासको मत लिन सक्ने अधिकार छ ।'

३० दिनभित्र मुख्यमन्त्रीलाई विश्वासको मत लिने अधिकार रहेको उनी बताउँछन् । मुख्यमन्त्रीले राजीनामा नदिएसम्म अर्को सरकार निर्माणका लागि कुनै पहल गर्न नसकिने उनको भनाइ छ । 'पार्टीले फिर्ता बोलाइसक्दा पनि मुख्यमन्त्रीले आफ्नो नेतृत्वको सरकारका लागि विश्वासको मत लिन पाउने संवैधानिक अधिकार छ,' उनले भने । यादवका अनुसार विश्वासको मतमा असफल भइसकेपछि अर्को सरकार निर्माणको प्रक्रिया अगाडि बढ्छ । मूलतः यही अडचनले अहिले दलहरूले सरकार निर्माणबारे कुनै पहलकदमी नलिएको उनको तर्क छ ।

मधेस प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले जनमत पार्टीले प्रदेश प्रमुखको कार्यालयमा आफ्नो पार्टीलाई सरकारबाट फिर्ता बोलाएको भनेर पत्र दर्ता गराए पनि त्यसको औचित्य नरहेको प्रस्ट पारे । उनले भने, 'प्रदेश प्रमुखको कार्यालयमा दर्ता भएको पत्रले मुख्यमन्त्रीलाई नैतिक धरातलमा खडा गरिदियो । मुख्यमन्त्रीज्यूले

**-बाँकी तीन पेजमा**




**SNEHA AUTO ZONE**
9801592518

## चराचुरुङ्गीको संरक्षण गरौं

**चराचुरुङ्गीले:**

- पर्यावरणको सन्तुलन कायम गर्न सहयोग गर्दछ,
- चराहरुले किरा-फट्याङ्ग्रा खाएर रोग नियन्त्रणमा सहयोग पु-याउँछ,
- खेतीपातीमा विषादीको प्रयोग घट्छ,
- फलफूल खाएर बीउहरू विभिन्न स्थानमा फाली नयाँ वोटविरुवा उम्रनमा सहयोग पु-याउँछ,
- एउटा फूलबाट अर्को फूलमा गएर परागसेचन गराई फलफूल उत्पादन बढाउँछ,
- मृत जनावरको मासु खाई वातावरण सफा राख्न मद्दत पुर्‍याउँछ,
- चिरबिर आवाजले मन शान्त पारी तनाव कम गर्न मद्दत पु-याउँछ,
- जैविक विविधता बुझ्न, मौसम परिवर्तनको संकेत थाहा पाउन र वातावरणीय अध्ययन अनुसन्धानका लागि भूमिका खेल्छन्,
- प्राकृतिक सौन्दर्यतामा वृद्धि भई पर्यापर्यटनमार्फत आयस्रोतमा टेवा पु-याउँछ

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## विजयको प्रतीक्षामा टोलाइरहेका आमाबुबा

लहान–१५ सिमलटोलका हरिप्रसाद चौधरी र उनकी श्रीमती जलेश्वरीदेवी घरको बरण्डामा टोलाइरहेका छन् । उनीहरूको आँखाले अझै त्यही बाटो हेरिरहेको छ, जहाँबाट छोरा विजय कहिल्यै नफर्किने हो । तर सत्य थाहा छैन। थाहा छैन, कि गत मंगलबार 'जेनजी' आन्दोलनको क्रममा काठमाडौंको बानेश्वरमा प्रहरीले चलाएको गोलीले विजयको प्राण लिइसकेको छ । अझै पनि उनीहरूको मनमा आशा छ, "छोरो पक्कै आउँछ" गाउँमा आधा–सत्य फैलिएको छ, "गोली लागेको रे, तर अस्पतालमा उपचार भइरहेको छ ।" विजयको बहिनी सुशीला, जो हेटौँडाबाट काठमाडौं पुगिसकेकी छिन्, आमाबुबालाई झूटो सान्त्वना दिइरहेकी छिन्"आईसीयूमा छन्, होशमा आउँछ, अनि खबर गर्छु ।"

विजयको वास्तविकता भने शिक्षण अस्पतालको शवगृहमा थन्किएको शव हो । घटना भएको दिन विजय साथीहरूसँग सामग्री किन्न निस्किएका थिए । संसद् भवनअगाडि भिड देखेपछि भिडियो खिच्न थालेका विजयलाई प्रहरीले चलाएको गोली सिधै छातीमा लाग्यो । तत्काल सिभिल अस्पताल पुऱ्याइए पनि उनको निधन भइसकेको थियो । २७ वर्षीय विजय पाँच वर्षदेखि काठमाडौंमा हाउस वायरिङ'को काम गर्थे । उनी आफ्ना बुबाआमाको औषधि, घरखर्च, छोरीको पढाइ र जीवनका सम्पूर्ण जिम्मेवारी काधमा बोकेका थिए । केही समय गाउँमा रोपाइँ सकेर १५ दिनअघि मात्र श्रीमती र चार वर्षीया छोरीसहित फेरि काठमाडौं फर्किएका थिए ।

भाइको मृत्युको खबर पाएपछि काठमाडौं पुगेकी दिदी सुशीलाले शवको पहिचान गरिन् । तर आमाबुबालाई त्यही खबर दिन सकिनन् । विजयको दाजु अजय वैदेशिक रोजगारीबाट फर्किँदै छन् । उनले आमाबुबालाई खबर कसरी दिने भन्ने विषयमा गहिरो सोच बनाएका छन् । उनलाई लाग्छ "सिधै भन्नु भनेको आमाको मुटुमाथि चोट गर्नु हो ।" गाउँमा अहिले विजयको कोठा खुलै छ, तर त्यो कोठामा जीवन छैन । श्रीमती उर्मिला अर्धचेतमा छिन्, छोरीले अझै बुझेकी छैनन बाबु अब कहिल्यै नआउने छन् । टोलका मान्छेहरू शोकमा छन्, स्तब्ध छन्, तर त्यो स्तब्धता भन्दा गहिरो छ आमाबुबाको प्रतीक्षा जसमा सत्य लुकाइएको छ ।

विजय सधैं शान्त स्वभावका थिए। कसैसँग झगडा गर्दैनथे । वडाध्यक्ष तेजनारायण चौधरीका अनुसार उनी सदैव सबैलाई सम्झाउने, मिलाउने स्वभावका थिए। भीडको बीचमा परेर गोली लाग्नु, त्यो पनि निर्दोष व्यक्तिलाई, राज्यप्रति प्रश्न बनिरहन्छ । यो खबर आमालाई कहिले सुनाइने हो, कसरी सुनाइने हो अझै अन्योलमै छ तर एउटा कुरा भने निश्चित छ विजय अब फर्किंदैनन्। तर आमाको मनले अझै भन्छ "पक्कै आउँछ नि छोरो..."

# दनदनी बल्दै गरेको आगोमाथि शासन गर्नु सजिलो होला र ?

### अरूको गुलाम भएर जीवन बिताउन पर्दैन । आआफ्नो तर्फबाट सबैले इमानदार भएर काम गरियो भने यो सम्भव पनि छ



डा. श्यामकुमार कार्की

आजसम्म नेपालमा अनेक बाहनामा धेरै पटक व्यवस्था परिवर्तन भए तर जनसाधारणको अवस्थामा उल्लेखनीय परिवर्तन भने आउन सकेन । यसका प्रमुख कारणहरूमा सबै शासकहरूको आफू र आफन्त केन्द्रित क्रियाकलाप, सामाजिक पद धारण गर्नेहरूमा भएको गैरजिम्मेवार, अहङ्कारजस्ता प्रवृत्ति हुन् । यस्ता तत्त्वहरूले निर्देश गरेको शासन प्रणालीको परिणाम यसभन्दा अरू के हुन सक्छ ? यसपटक सरकारले फेसबुकलगायतका सामाजिक सञ्जालहरूमा लगाएको प्रतिबन्ध र समाजमा व्याप्त भ्रष्टाचारविरुद्ध 'जेन–जी'ले आह्वान गरेको आन्दोलनमा सरकारको दमनले निम्त्याएको नरसंहार र आन्दोलनका नाममा गरिएको अमानवीय विध्वंशले देशलाई अकल्पनीय क्षति पुगेको छ ।

यसपटकको आन्दोलनमा देखिएका केही दृश्यले नेता जनताको हुन सकेन भने कसैको पनि हुन सक्दैन भन्ने पुष्टि भएको छ । करोडौं रकम खर्चिएर बनाइएको आलिसान घरमा पनि बस्न नसकिने अवस्था सिर्जना हुन पुग्यो । राजनीति गरेरै आर्जन गरेको अकुत सम्पत्ति जलेर खरानी भएको छ । खुलेर आफ्ना अभिव्यक्ति दिन नसक्ने अवस्थाको सिर्जना भएको छ । यो नेताहरूको अहम् र अहंकारले निम्त्याएको परिणाम हो ।

यस्तै अनेक कारणले अमानवीय घटना भयो । भएका संरचना भत्किए । धनजनको क्षति भयो र अब हामीमाझ अर्को चुनौती उभिएको छ । यस चुनौतीलाई सामना गरी नेपाली जनता र 'जेन–जी'ले कल्पना गरेको नेपाल बनाउन भने पक्कै पनि सजिलो छैन । हामी सबैजना आवेगमा छौं । तितरबितर भएका छौं । के गर्ने भन्ने सोच्न सक्ने अवस्थामा छैनौ ।

यो विषम परिस्थितिलाई सहमालेर चुनाव गराई जनताको नासो जनताकै हातमा सुम्पिने जिम्मा लिनसक्ने नेतृत्वको खाँचो परेको छ । नेतृत्वमा आउँछु भन्नेहरू पनि प्रशस्तै देखिएका छन् । तर यस अवस्थामा नेतृत्व लिने कुरा दनदनी बल्दै गरेको आगोमाथि हिँड्नु बराबर हो । यो जिम्मेवारी लिने व्यक्तिको इतिहासको पानामा सुनौलो अक्षरले नाम लेखिन पनि सक्छ । यसको ठीक उल्टो नाममा कलंक पोतिन पनि सक्छ । आफ्नो नाम इतिहासको पानामा सुनौलो अक्षरले लेखाउन आँटका साथै सहिष्णुता इमानको खाचो पर्छ । जोसँग यी सबैकुरा छन् त्यस व्यक्तिले मात्र जिम्मेवारी लिनुपर्छ ।

अगाडि बढ्दै गर्दा जस्तोसुकै परिस्थितिमा पनि आफ्नो जिम्मेवारी भने भुल्नु भएन । यस्तो संक्रमणकालका नेताले बाटो बिराएको खण्डमा देशले अस्तित्व नै गुमाउनु पर्ने दिन पनि आउन सक्छ भन्ने हेक्का राख्नुपर्ने हुन्छ । अर्को चुनौती नेपाली समाजमा छिनमै मान्छेलाई देवत्वकरण गरिन्छ भने छिनमै राक्षसीकरण गरिहाल्ने हामी नेपालीहरूको प्रवृत्ति छ । यही कारणले अस्थिरताको बाटोमा लगिरहेका उदाहरणहरू प्रशस्तै छन् । कुनै यिनै जनताले समय माओवादी नेता पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भगवान बनाए त कहिले केपी ओलीलाई भगवानको दर्जा दिए ।

आज यस्तो समय पनि देखियो कसैले तिनै भगवानलाई लतार्दै सडकमा निकाले भने कसैले तिनै भगवानको काट्टो खान आऊ भन्दै पुत्ला जलाए । त्यसैगरी कोही रविलाई भगवान मान्छन् त कोही बालेनलाई भगवानको दर्जा दिइरहेका छन् । अब नेतृत्व सम्हाल्न तयार हुने 'भगवान'ले पनि विगतबाट पाठ सिकेर अगाडि बढ्नु जरुरी देखिन्छ । आजलाई हेरेर आत्तिने र मात्तिनेहरूबाट देशको दीर्घकालीन विकासको परिकल्पना गर्न सकिन्न । तसर्थ, यो विषम परिस्थितिमा नेतृत्वमा आउने व्यक्तिले देश र जनतालाई केन्द्रमा राखी उनीहरूप्रति इमानदार भएर जनहितको लागि आफ्नो स्वार्थ र 'इगो' त्याग्नसक्ने क्षमता राख्नुपर्ने देखिन्छ ।

हाम्रो देशको सामाजिक र भौगोलिक अवस्था पनि त्यत्तिकै संवेदनशील छ । यसैले धेरै विचार पुऱ्याएर अगाडि बढ्नुपर्ने बाध्यता पनि छ । अब बन्ने सरकारमा संलग्न हुनेहरूले सस्तो लोकप्रियताका लागि आवेगमा आएर दीर्घकालीन रूपमा देश र जनतालाई नकारात्मक असर पर्ने कदम चाल्नु हुन्न । सबै कुरा 'जेन–जी'को टाउकोमा नथोपरी सबैका व्यक्तिगत स्वार्थ त्यागेर देश र जनताका लागि र सकारात्मक परिवर्तनका लागि आफ्नो जीवन बलिदान दिएका सहिदहरूका सपनाहरू पूरा गर्न एकजुट हुनु जरुरी छ ।

एकातर्फ जेन–जी पुस्ताले विदेश सुनेको छ, बुझेको छ । आफ्नो देश पनि अन्य विकसित देशजस्तै होस् र सकेसम्म आफ्नै देशमा बसेर श्रम गर्न पाइयोस् भन्ने गहिरो चाहना राखेको छ । यसका साथै यो पुस्ताले नेपालको अग्रगामी परिवर्तन र यो देश युवाले चलाउन पर्छ भन्ने विचार राखेको देखिन्छ । अर्कातर्फ राजनीतिक दलमा आबद्ध युवा भने अझै तिनै परीक्षण भइसकेका बुढा नेताहरूकै पछि लाग्ने मनःस्थितिबाट अगाडि बढ्ने हिम्मत जुटाउन सकेका देखिँदैनन् । यसबाट के स्पष्ट हुन्छ भने अझै हाम्रा युवा नेतामा चेतनाको खडेरी छ । अब हामी सबैले एक कदम अगाडि बढेर सोच्नुपर्ने दिन आएको छ ।

अब आफ्नो अधिकार र अवसर कुनै शासकसँग माग्ने हैन सबैलाई समान अधिकार र अवसर दिने प्रणालीको निर्माण गर्नु जरुरी छ । नेताले दिएको सिफारिसको भरमा सुविधा लिने समाज हैन आवश्यक पर्ने सबैले समानरूपले सुविधा पाउने प्रणालीको विकास गर्नु जरुरी छ । नेताको कार्यकर्ता भएर बाँच्ने दिन अन्त्य गरी नेपाल आमाको सन्तान भएर बाच्न सक्ने प्रणालीको विकास गर्नुपर्ने दिन आएको छ । जनताले खोजेको सामाजिक तथा आर्थिक समानता, दिगो आर्थिक विकास, शिक्षा र स्वास्थ्यमा समान पहुँच, र राजनीतिक स्थायित्व नै हो । यस्ता कुरा सुनिश्चित गर्न सकिएमात्र नेपाल आमाका छोराछोरी बाध्यताले विदेसिनु पर्दैन । अरूको गुलाम भएर जीवन बिताउन पर्दैन । आआफ्नो तर्फबाट सबैले इमानदार भएर काम गरियो भने यो सम्भव पनि छ ।

अन्त्यमा देश अन्योलमा छ । यस अवस्थाबाट बाहिर निकाल्नका लागि सामूहिक प्रयास जरुरी हुन्छ । जुनसुकै समूह वा पार्टीमा आबद्ध भए पनि युवा सबै एकजुट हुनुपर्ने बेला आएको छ । आजको पहिलो प्राथमिकता देश बचाउनु हो । अहिले पनि आफ्नै स्वार्थमा लागियो भने देश नरहन सक्छ भन्ने सबैले बुझ्न जरुरी छ । पहिले देश बचाऔं अनि फुर्सदमा पार्टीको बारेमा सोचौंला । (अनुसन्धानकर्ता : सोसियटस रिसर्च इन्स्टिच्युट, ओखायामा, जापान)

# आधा दर्जन पालिकाको सेवा अनिश्चित

सर्लाही, ३० भदौ । आगजनी र तोडफोडबाट व्यापक क्षति पुगेका सर्लाहीका आधा दर्जन पालिकाको सेवा अनिश्चित बनेको छ । १३ देखि २८ वर्षसम्मका युवापुस्ता अर्थात् जेनजीको आन्दोलनका क्रममा आगजनी र तोडफोड भएका लालबन्दी, हरिवन, बागमती, बरहथवा, हरिपुर, हरिपुर्वा र ईश्वरपुर नगरपालिका तथा चन्द्रनगर गाउँपालिकाको सेवा तत्काल सूचारु गर्न समस्या देखिएको हो । लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेले आगजनी र तोडफोडबाट कार्यालयका कागजात, कम्प्युटरसहितका विद्युतीय उपकरण, फर्निचरलगायत सबै सामग्री खरानी भएकाले तत्कालै सेवा दिन सक्ने अवस्था नरहेको बताउनुभयो ।

प्रदर्शनकारीले गरेको आगजनीबाट लालबन्दीमा नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतले चढ्ने गाडीसहित एउटा जेसिबी, एउटा डोजर, एउटा ट्रक र एउटा ट्याक्टर पूर्ण रूपमा जलाइदिएका छन् । प्रदर्शनकारीले लालबन्दी नगरपालिका– ५, ६, ७ र ९ को वडा कार्यालयमा पनि आगजनी र तोडफोड गरेर क्षति पुऱ्याएका नगरपालिका कार्यालयले जनाएको छ । यस्तै हरिवन नगरपालिका कार्यालयमा प्रदर्शनकारीले दमकलसमेत जलाएका छन् । नगरप्रमुख रमेश बुढाथोकी ( कमल) का अनुसार निर्माण सम्पन्न हुने क्रममा रहेको नगरपालिका भवनसहित भवनभित्रका सरसामग्री, कागजात, दमकल, ट्याक्टरलगायत आगजनी र तोडफोडबाट ध्वस्त भएका छन् ।

हरिवनमा वडा नं. ४, ८, १० र ११ का वडा कार्यालयसमेत आगजनीबाट खण्डहर बनेका छन् । नगरप्रमुख बुढाथोकीले नगरपालिका कार्यालय र आगजनी भएका वडा कार्यालयको सेवा सुचारु हुन अझै केही दिन लाग्ने बताउनुभयो । नगरपालिका भवन, प्रमुख प्रशासकीय अधिकृत चढ्ने गाडी, तीन वटा मोटरसाइकल र कार्यालयभित्रका सम्पूर्ण कागजात जलेको हरिपुर नगरपालिकाले तत्काल सेवा दिन नसक्ने जनाएको छ । हरिपुरका नगरप्रमुख गोपाल पजियारले अहिले क्षतिको विवरण सङ्कलन भइरहेकाले सेवा सुचारु हुन केही दिन लाग्ने बताउनुभयो । आगजनीबाट सबैभन्दा बढी सवारीसाधन, कार्यालय भवन र कागजात जलेको बरहथवा नगरपालिकाले पनि अनिश्चितकालीन रूपमा सेवा बन्द गरेको छ ।

बरहथवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋद्धिप्रकाश सिटौलाका अनुसार आगजनीबाट नगरपालिकाको प्रशासनिक भवनसहित वडा नं. ५, ६ र ७ को वडा कार्यालय, एक थान ग्रेडर, एक थान ट्याक्टर, एक थान ब्याक हु लोडर, एक थान टिप्पर, निजीसमेत गरी १३ थान मोटरसाइकल, तीन थान स्कुटर र एक थान रोलर आगजनीबाट नष्ट भएका छन् । सिटौलाका अनुसार सेवा सुचारु हुनेबारे तत्काल भन्न सक्ने अवस्था छैन ।

यस्तै चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले सेवा दिन चाहिने सामान सबै जलेकाले सेवा दिन गाह्रो परेको बताउनुभयो । उहाँले जेनजी पुस्ताका नाउँमा अराजक व्यक्ति प्रवेश गरेर गाउँपालिका कार्यालयमा आगजनी गरेर बर्बाद बनाएको बताउनुभयो । आगजनी र तोडफोडका कारण पालिकाबाट प्रवाह हुने सेवा ठप्प हुँदा अत्यावश्यक काम परेका सेवाग्राही मारमा परेका छन् । वडा कार्यालयमा समेत आगजनी हुँदा व्यक्तिगत घटना दर्तादेखि अन्य महत्वपूर्ण काम रोकिन पुगेका छन् । क्षति नपुगेका पालिका तथा निकायले भने आइतबारदेखि सेवा सुचारु गरेका छन् । प्रदर्शनकारीले पालिकाको कार्यालयबाहेक सदरमुकाम मलङ्गवासहित विभिन्न स्थानका सरकारी कार्यालय र सवारीसाधनमा पनि आगजनी गरेर क्षति पुऱ्याएका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सरोज राईले धमाधम क्षतिको विवरण सङ्कलन भइरहेको जानकारी दिनुभयो ।

# जेन–जी आन्दोलन : ढल्यो तीन प्रहरी परिवारको सहारा

## जेन–जी प्रदर्शनका क्रममा अराजक समूहको आक्रमणमा प्रहरी सहायक निरीक्षक (असई) मिलन राय, प्रहरी सहायक हवल्दार अमृत गुरुङ र प्रहरी जवान उत्तम थापा मारिए ।

काठमाडौं, ३० भदौ । प्रहरी सहायक निरीक्षक (असई) मिलन राय २४ भदौ मध्याह्न न्युरो अस्पताल गए । प्रहरी वृत्त महाराजगञ्जमा क्राइम सिन अफिसर (सोको) का रूपमा कार्यरत राय एक व्यक्तिको मृत्यु भएको खबर आएपछि मुचुल्का गर्ने सहायक लिएर न्युरो अस्पताल पुगेका थिए । सहायकले मुचुल्काको काम गरे । रायले क्राइन सिनको काम गरे । काम सकेर उनी कार्यालय फर्किए । त्यतिन्जेलसम्म महाराजगञ्ज वृत्त वरपर ठूलो मात्रामा जेन–जी प्रदर्शनकारीको भिड जम्मा भइसकेको थियो । प्रधानमन्त्रीदेखि प्रहरीविरुद्धसमेत नाजाबाजी गर्दै सडकमा तोडफोड भइरहेको थियो । असई राय कार्यालय छिरे । र, ग्राउन्ड फ्लोरकै बाहिरतर्फको कुर्सीमा बसे ।

उग्र बनेका प्रदर्शनकारीले सरकारी तथा प्रहरीका भवनमा तोडफोड र आगजनी गर्न थाले । प्रहरी नै असुरक्षित हुने अवस्था आएकाले हिरासतमा रहेका थुनुवा छाड्दै आफू सुरक्षित हुन काठमाडौं उपत्यका प्रहरी कार्यालयले सर्कुलर जारी गर्‍यो । प्रदर्शन चर्किएर प्रहरी केन्द्रित हुन थालेपछि महाराजगञ्ज वृत्तले पनि आफ्नो हिरासतमा रहेका थुनुवा छाड्यो । यतिन्जेलसम्म असई राय सुरक्षित थिए । सोको अफिसर सिभिल पोशाकमै हुने भएकाले उनलाई प्रदर्शनकारीले प्रहरी भनेर चिनेका थिएनन् । तर, जब हिरासतमा रहेका थुनुवा छाडियो, त्यसपछि भने राय आक्रमणको निशानामा परे । 'यो पनि प्रहरी हो' भन्दै उनीमाथि आक्रमण भयो ।

थुनुवा नछोड्दासम्म प्रदर्शनकारीले उनलाई प्रहरी हो भनेर नचिन्नु र आक्रमण नगर्नु तर थुनुवालाई छाड्ने बित्तिकै आक्रमण हुनुले धेरै आशंका जन्माएको प्रहरीको बुझाइ छ । घटनालाई प्रत्यक्ष नियालेका एक प्रहरी अधिकृत भन्छन्, 'थुनुवाबाटै राय प्रहरी हो भन्ने खबर फैलिएको हुनुपर्छ भन्ने हाम्रो बुझाइ हो ।' सादा पोशाकमा रहेका असई रायमाथि त्यसपछि अन्धाधुन्दा आक्रमण भयो । खुकुरीले टाउकामै प्रहार भयो । भाँटाले हानियो । अनुहार चिन्न नसक्ने गरी रगताम्मे भयो । हत्या गरिसक्दा पनि भिड रोकिएन । शव घिसार्दै सडकमा ल्याइयो । शवमाथि नै पिसाब फेर्नेसम्मको घृणित काम भयो । असई रायको हत्या गरिसकेपछि पनि किन यस्तो घृणित काम भयो भन्नेबारे प्रहरी अधिकारीहरू नै अचम्मित छन् ।

राय यसअघि पक्राउ परेका अभियुक्त वा आपराधिक पृष्ठभूमिका व्यक्तिको निशानामा परेका हुन् कि भन्ने आशंका प्रहरी अधिकारीहरूको छ । प्रहरीको काम नै अपराधीलाई कठघरामा ल्याउनु भएकाले कुनै आपराधिक व्यक्तिले प्रतिशोध साँधेर यतिसम्म क्रूर हत्या गरेको हुनसक्ने विश्लेषण प्रहरीहरूले गरिरहेका छन् । राय न्युरो अस्पताल जाँदासम्म अवस्था सामान्य थियो । तर फर्किँदा अवस्था भयावह भइसकेको थियो । उनीसँग सञ्चार सेट नहुने भएकाले पनि घटनाको स्थितिबारे उनी जानकार थिएनन् । नर्मल अवस्था नै सोचेर कार्यालय फर्किए । केहीबेरमै कार्यालयमै ज्यान गुमाए । राय २०७४ सालमा असईमा भर्ना भएका व्यक्ति हुन् । रामेछाप दरबन्दी भएका उनी इमान्दार प्रहरी रहेको वृत्त महाराजगञ्जकै निमित्त प्रमुख तथा इन्स्पेक्टर सुदर्शन पन्थी बताउँछन् । 'मैसँग काम गरेको केटा हो । इमान्दार र मिहिनेती थियो । निर्मम तरिकाले हत्या भयो,' इन्स्पेक्टर पन्थी भन्छन् ।

सिन्धुलीको दुधौली नगरपालिका–८ खोरभञ्ज्याङ घर भएका रायले डेढ वर्षकै उमेरमा बुवा गुमाए । ब्लड क्यान्सरका कारण बुवा बितेपछि उनी आमाकै रेखदेखमा हुर्किए । पठनपाठनमा भने काका केशवले सहयोग गरे । गाउँबाटै एसएलसी उत्तीर्ण गरेपछि उनी काठमाडौं आए, प्लस टु पास गरे । त्यसपछि असईमा भर्ना भए । करिब एक वर्षअघि विवाह गरेका रायकी श्रीमती ४ महिनाअघि मात्रै जापान गएकी थिइन् ।

विभत्स हत्या गरिएका रायको सदगत भइसकेको छ । काका केशवले भतिजको हत्यारालाई कारबाही गर्नुपर्ने माग गर्दै प्रहरीमा जाहेरी दिएका छन् । भतिजको हत्यारालाई कारबाही नगरेसम्म आफूहरूले न्याय नपाउने पीडित परिवारले बताएका छन् ।

०००

रायसँगै वृत्त महाराजगञ्जका अर्का प्रहरी पनि जेन–जी आन्दोलनमा मारिए । दार्चुला घर भएका उत्तम थापालाई कुटीकुटी मारिएको भिडियो सामाजिक सञ्जालमा भाइरल नै बनेको छ । 'यो डीएसपी हो' भन्दै कुटीकुटी मारेको भिडियोमा देखिन्छ । तेरो सेकेन्डम्यान (ट्वाइसी, इन्स्पेक्टर) खै भन्दै विभिन्न रूपमा कुटपिट गरेको भिडियोमा देखिन्छ ।

डीएसपी भन्दै कुटेर रक्ताम्य बनाउँदै मारिएका व्यक्ति भने डीएसपी नभई जवान थापा थिए । उनी पनि सादा पोशाकमै थिए । दार्चुला लेकम गाउँपालिका– ३ गुमाखोलीका थापालाई गोली चलाउन आदेश दिने तैं हैन भन्दै अमानवीय तरिकाले कुटपिट गर्दै हत्या गरियो । उनी विगत ९ वर्षदेखि प्रहरी सेवामा थिए । उनी घरको जेठो सन्तान हुन् । उनका भाइ करिब ७ महिनाअघि मात्रै बितेको परिवारले प्रहरीलाई बताएका छन् । भिरबाट खसेर उनका भाइको मृत्यु भएको थियो ।

भाइको मृत्यु भएको ७ महिनापछि दाइको विभत्स हत्या भयो । जेन–जी आन्दोलनको अघिल्लो दिन मात्रै २२ भदौमा उनले अब घर आउन ४ दिन बाँकी छ भन्दै युनिफर्मसहित टिकटक भिडिओ बनाएर हालेका थिए । 'फ्ल्को आउँदा यही फोटो हेरी, जोवन धानी बस है मयाले' गीतमा आफ्नो युनिफर्मको तस्बिर र श्रीमतीको तस्बिर राख्दै टिकटक बनाएका थिए । अब उनी कहिल्यै नआउने गरी अस्ताए ।

केही समयअघि गौरा पर्वको सन्दर्भमा उनले भाइलाई सम्झिँदै फोटोको क्याप्सनमा लेखेका थिए– मेरो भाइ, तिमी कहाँ छौ ? गौरा आगई । उत्तमले बुवा पहिल्यै गुमाएका थिए । ७ महिनाअघि भाइ गुमाए । अहिले आफैं बिते । सात महिनाको अन्तरमा दुई छोरा र केही समयअघि श्रीमान् गुमाएको पीडाले उत्तमकी आमा बेहोस छिन् । घरको मुख्य सहारा नै उत्तम थिए । उनी बितेसँगै सबै सहारा गुमेको छ ।

०००

कास्की घर भई प्रहरी प्रभाग कोटेश्वरमा कार्यरत प्रहरी सहायक हवल्दार अमृत गुरुङको पनि उनीहरू जस्तै विभत्स हत्या भयो । जेन–जी आन्दोलनको इपिसेन्टर नयाँ बानेश्वर नजिकै रहेको कोटेश्वर प्रभाग आन्दोलनकारीको निशानामा पर्‍यो । सुरुमा १५–२० जना आएर प्रहरी कार्यालय अगाडि नारा–जुलुस गर्न थाले । प्रदर्शनकारीको संख्या थपिँदै गयो । त्यसपछि तोडफोड र आगजनी सुरु भयो ।

चारैतिर आगो दन्किसकेकाले कोटेश्वर प्रभागका प्रहरीले भागेर ज्यान जोगाउनुको विकल्प देखेनन् । उनीहरू कार्यालय छाडेर भागे । लखेट्दै पछाडिबाट हानेको धारिलो हतियारले सहायक हवल्दार गुरुङलाई लाग्यो । भुइँमा ढलेपछि आन्दोलनकारीले कुटीकुटी उनको हत्या गरे । आन्दोलनकारीबाट मारिएका गुरुङले ९ महिनाअघि मात्रै आमा गुमाएका थिए । गुरुङका ७ महिनाका एक छोरा, श्रीमती र ६० वर्षका बाबु छन् । उनीहरू कास्कीमै बस्छन् । सबैको सहारा गुरुङ नै थिए । उनी पनि ढलेपछि परिवारको सहारा गुमेको छ ।

सहायक हवल्दार गुरुङको शव सदगतका लागि परिवारले कास्की लगेको छ । प्रभाग कोटेश्वरमा रहेको ५९ दरबन्दीमध्ये १३ जना प्रहरी घाइते भए । दुईजनाको अवस्था अझै गम्भीर छ । प्रहरीको बर्दी फुकालेर हुलिया बदलेर भागेकाले उनीहरू ज्यान जोगाउन सफल भए । आन्दोलनकारीले प्रभागलाई तोडफोड र आगजनी गरेर तहसनहस बनाए । हतियार लुटे । बर्दी डढाए । अहिले ढडेको कालो भवन बाहेक प्रभागमा केही छैन ।

तीन प्रहरीले ज्यान गुमाएको प्रभाग कोटेश्वर र वृत्त महाराजञ्जमा पुगेर प्रधानमन्त्री सुशीला कार्कीले निरीक्षण गरेकी छिन् । तर प्रहरीलाई के भनिन्, सार्वजनिक भएको छैन । प्रहरीका हत्यारालाई अनुसन्धान गरेर कारबाही नगरी पीडित परिवारले न्याय पाएको महसुस नगर्ने प्रहरी अधिकारीहरू बताउँन् । तीन सहकर्मी आँखै अगाडि विभत्स तरिकाले मारिएपछि प्रहरी त्रसित छ ।

तीन प्रहरी मारिएको जेन–जी आन्दोलनमा प्रहरीतर्फ ठूलो क्षति भएको छ । भवन जलेर नष्ट भएका छन् । लत्ताकपडा, बन्दोबस्तीका सामान, सवारी साधान जलेका छन्, हतियार लुटिएका छन् । अहिलेसम्म प्रहरीतर्फ कति क्षति भयो भन्ने यकिन विवरण आएको छैन । उपत्यकामा मात्रै १५३ वटा प्रहरी कार्यालयमा तोडफोड, लुटपाट र आगजनी भएको छ । अन्य ठाउँको विवरण संकलन गर्ने काम भइरहेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी विनोद घिमिरे बताउँछन् । जेन–जी आन्दोलनमा ३ प्रहरीसहित ७२ जनाको ज्यान गइसकेको छ ।

*प्रहरीलाई चौकीमा...*

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले आन्दोलनका क्रममा आधा दर्जन चौकीका प्रहरी जिल्लामा आएको जानकारी दिँदै जनजीवन सामान्य हुन थालेपछि फर्किएको बताउनुभयो ।

सोनमा गाउँपालिकाको मगरथाना प्रहरी चौकीबाट जिल्ला गएका प्रहरी आइतबार कार्यक्षेत्रमा फर्किएपछि स्थानीयवासीले उनीहरूलाई फूलमालासहित स्वागत गरेका हुन् । गाउँपालिकाका अध्यक्ष विश्वेश्वरप्रसाद यादवले अपराध नियन्त्रण र शान्ति सुव्यवस्थाका लागि प्रहरी अपरिहार्य रहेको भन्दै प्रहरी फर्किएकोमा खुसी व्यक्त गर्नुभयो । मगरथाना प्रहरी चौकी प्रमुख दीपेन्द्रकुमार यादवले चौकी चारैतिर पर्खाल नहुँदा सुरक्षा चुनौती बढिरहेको भन्दै गाउँपालिका अध्यक्षसँग पर्खाल निर्माणका लागि आग्रह गर्नुभएको थियो । गाउँपालिका अध्यक्ष यादवले मगरथाना प्रहरी चौकीको चारैतिर पर्खाल निर्माणका लागि गाउँपालिकाले रकम विनियोजन गरिसकेको जानकारी गराउँदै यसै आर्थिक वर्षमा निर्माण सम्पन्न गरिने बताउनुभयो ।

सो अवसरमा इलाका प्रहरी चौकी खैरबनीका इन्चार्ज रवीन्द्र मिश्रले सुरक्षा प्रहरीको मात्रै जिम्मेवारी नभई प्रहरी र नागरिक दुवैको सहकार्यबाट मात्रै सम्भव भएको भन्दै स्थानीयवासीसँग सहयोगको आग्रह गर्नुभयो । त्यसै गरी औरही नगरपालिका–१ स्थित औरही प्रहरी चौकीमा कार्यरत प्रहरी पुनः आफ्नो जिम्मेवारीमा फर्किएपछि स्थानीयवासीले फूलमालाले स्वागत गरेका थिए ।

# महोत्तरीमा डकैती, डाँकाको हतियार प्रहारबाट एकै घरका पाँच घाइते

जनकपुरधाम, ३० भदौ । महोत्तरीको मटिहानी नगरपालिका ५ विसनपुरमा डकैती भएको छ । गएराति स्थानीय मंगल महराको घरमा ३ जनाको समूहमा हातहतियारसहित आएका डाकाहरूको हतियार प्रहारबाट पाँचजना घाइते भएका छन् । महोत्तरी प्रहरीका अनुसार घाइते हुनेहरूमा मंगल महरा श्रीमती शैली देवी, २९ वर्षीया बुहारी रिंकू महरा, छोरा संजित महरा छन् । उनीहरू गम्भीर घाइते छन् भने अन्य अन्य दुईजना परिवारका सदस्य सामान्य घाइते भएको प्रहरीले जनाएको छ ।

शैलीदेवीको टाउको र बायाँ हातमा हतियार प्रहार भएको छ, यस्तै छोरा संजितको टाउकोमा हतियार प्रहार भएको छ । उनीहरुको जनकपुरको जानकी हेल्थकेयरमा उपचार भइरहेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी शैलेन्द्र भट्टले जानकारी दिए ।

डीएसपी भट्टका अनुसार मध्यराति भएको लुटपाटको क्रममा घरबाट ४० हजार नगद, २ तोला सुन र २० तोला चाँदी गरी करिब ४ लाख बराबरको धनमाल डाँकाले लुटेर लगेका छन् । घटनबारे आज बिहान मात्र प्रहरीले खबर पाएपछि अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

# सप्तरीमा मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**विनय कर्ण**

सप्तरी, ३० भदौ । सप्तरीको सुरुङ्गा नगरपालिकामा डिभाइडरमा ठोक्किएर मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । नगरपालिका– ५ स्थित जिनिस अस्पताल नजिकै भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने अर्का एक जना घाइते भएका छन् । आइतबार साँझ पूर्व पश्चिम राजमार्गमा कुशहादेखि कदमाहातर्फ आउँदै गरेको मधेश प्रदेश–०१–००५–प ५५११ नम्बरको मोटरसाइकल सडकमा राखिएको डिभाइडरमा ठोक्किँदा भएको दुर्घटनामा मोटरसाइकल चालक सुरुङ्गा नगरपालिका– ९ परमानपुर निवासी ३० वर्षीय अनिलकुमार चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो ।

दुर्घटनामा गम्भीर घाइते चौधरीलाई नजिकै रहेको जिनिस अस्पताल पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेको उहाँले बताउनुभयो । सोही मोटरसाइकलमा पछाडि सवार सुरुङ्गा नगरपालिका– ७ चकदह टेलका १८ वर्षीय राधेश्याम चौधरी घाइते भएका छन् । उहाँको त्यहाँ जिनिस अस्पतालमै उपचार भइरहेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिई मृतक चौधरीको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल लहान, सिराहा पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

*मधेस प्रदेश...*

राजीनामा दिनुभयो भने राजीनामा पत्रमा दर्ता गरेर स्वीकृत गर्ने हो । अनि त्यसपछि नयाँ सरकारको लागि आह्वान गर्ने हो । राजीनामा दिनुभएन भने पार्टीले फिर्ता बोलाउनुको कुनै अर्थ छैन ।'

यसको अलावा पार्टीले मुख्यमन्त्रीलाई साधारण सदस्यबाट निष्काशन गरेपछि मात्रै प्रदेश सभाले राजनीतिक दलसम्बन्धी विधेयक अनुसार प्रक्रिया अगाडि बढाउन सक्ने उनको भनाइ छ । विपक्षी दल जसपा नेपालका प्रमुख सचेतक रामअशिष यादवले अहिलेको सरकार काम चलाउ रहेको बताए । उनका अनुसार पार्टीले मुख्यमन्त्रीलाई नै फिर्ता बोलाइसकेपछि सरकारको कुनै औचित्य नरहेको उनले प्रस्ट पारे । 'अब मुख्यमन्त्रीज्यूले नैतिकताको आधारमा राजीनामा दिएर मार्ग प्रशस्त गरिदिनुपर्छ,' उनले भने ।

यता मुख्यमन्त्री सतिश सिंह भने आफू सरकार छोड्न तयार रहेको बताउँछन् । पार्टीले नै फिर्ता बोलाइसकेपछि सरकारमा बसिरहनुपर्ने जरुरी नरहेको उनको भनाइ छ । उनले भने, 'अहिले राजीनामा कसलाई बुझाउने ? प्रदेश प्रमुखको कार्यालयमा कोही छैनन् । प्रदेश प्रमुखज्यू आइसकेपछि लिखितरूपमै राजीनामा बुझाउँछु ।' भदौ २८ गते जनमत मधेस प्रदेश संसदीय दलले विज्ञप्ति जारी गर्दै आफ्नै नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिएको जनाएको थियो । यसअघि जेनजीको आन्दोलन उग्र बनेको बेला भदौ २४ मा मुख्यमन्त्री सिंहले सामाजिक सञ्जालमार्फत प्रदेश सरकारबाट राजीनामा दिइसकेको घोषणा गरेका थिए ।

# सर्लाहीका आठ पालिकाले तत्काल सेवा दिन नसक्ने

**जनार्जन खत्री**

सर्लाही, ३० भदौ । आगजनी र तोडफोडबाट व्यापक क्षति पुगेको सर्लाहीका आधा दर्जन पालिकाको सेवा अनिश्चित बनेको छ । जेनजीको प्रदर्शनका क्रममा भएको आगजनी र तोडफोड भएका लालबन्दी, हरिवन, बागमती, बरहथवा, हरिपुर, हरिपूर्वा र ईश्वरपुर नगरपालिका तथा चन्द्रनगर गाउँपालिकाको सेवा तत्काल सुचारु गर्न समस्या देखिएको हो । लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपानेले आगजनी र तोडफोडबाट कार्यालयका कागजात, कम्प्युटरसहितका विद्युतीय उपकरण, फर्निचरलगायत सबै सरसामग्री खरानी भएकाले तत्कालै सेवा दिन सक्ने अवस्था नरहेको बताउनुभयो ।

प्रदर्शनकारीले गरेको आगजनीबाट लालबन्दीमा नगरप्रमुखले चढ्ने प्राडो, उपप्रमुखले चढ्ने टाटासुमो र प्रमुख प्रशासकीय अधिकृतले चढ्ने गरेको स्कारपियो गाडीसहित एउटा जेसिबी, एउटा डोजर, एउटा ट्रक र एउटा ट्याक्टर कवाडमा परिणत भएका छन् । प्रदर्शनकारीले लालबन्दी नगरपालिकाको वडा नं. ५, ६, ७ र ९ को वडा कार्यालयमा पनि आगजनी र तोडफोड गरेर क्षति पुऱ्याएका नगरपालिका कार्यालयले जनाएको छ । यस्तै, हरिवन नगरपालिका कार्यालयमा प्रदर्शनकारीले दमकलसमेत जलाएका छन् । नगरप्रमुख रमेश बुढाथोकी (कमल) का अनुसार निर्माण सम्पन्न हुने क्रममा रहेको नगरपालिका भवनसहित भवनभित्रका सरसामग्री, कागजात, दमकल, ट्याक्टरलगायत आगजनी र तोडफोडबाट ध्वस्त भएका छन् ।

हरिवनमा वडा नं. ४, ८, १० र ११ को वडा कार्यालय आगजनीबाट खण्डहर बनेका छन् । नगरप्रमुख बुढाथोकीले नगरपालिका कार्यालय र आगजनी भएका वडा कार्यालयको सेवा सुचारु हुन अझै केही दिन लाग्ने बताउनुभयो । यसैगरी नगरपालिका भवन, प्रमुख प्रशासकीय अधिकृत चढ्ने गाडी, तीनवटा मोटरसाइकल र कार्यालयभित्रका सम्पूर्ण कागजात जलेको हरिपुर नगरपालिकाले तत्काल सेवा दिन नसक्ने जनाएको छ । हरिपुरका नगरप्रमुख गोपाल पजियारले अहिले क्षतिको विवरण सङ्कलन भइरहेकाले सेवा सूचारु हुन केही दिन लाग्ने बताउनुभयो ।

आगजनीबाट सबैभन्दा बढी सवारी साधन, कार्यालय भवन र कागजात जलेको बरहथवा नगरपालिकाले पनि अनिश्चितकालीन रुपमा सेवा बन्द गरेको छ । बरहथवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ऋद्धिप्रकाश सिटौलाका अनुसार आगजनीबाट नगरपालिकाको प्रशासनिक भवनसहित वडा नं. ५, ६ र ७ को वडा कार्यालय, एक थान ग्रेडर, एक थान ट्याक्टर, एक थान ब्याक हु लोडर, एक थान टिप्पर, निजीसमेत गरी १३ थान मोटरसाइकल, तीन थान स्कुटर र एक थान रोलर नष्ट भएका छन् ।

त्यसैगरी, चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले सेवा दिन चाहिने चिजवस्तु सबै जलेकाले सेवा दिन गाह्रो परेको बताउनुभयो । उहाँले जेनजी पुस्ताको नाउँमा अराजक व्यक्ति प्रवेश गरेर गाउँपालिका कार्यालयमा आगजनी गरेर बर्बाद बनाएको बताउनुभयो । आगजनी र तोडफोडका कारण पालिकाबाट प्रवाह हुने सेवा ठप्प हुँदा अत्यावश्यक काम परेका सेवाग्राही मारमा परेका छन् । वडा कार्यालयमा समेत आगजनी हुँदा व्यक्तिगत घटना दर्तादेखि अन्य महत्वपूर्ण कामहरु रोकिन पुगेका छन् ।

यता जिल्लाका अन्य पालिका र सरकारी कार्यालय तथा निकायले भने आइतबारदेखि सेवा सुचारु गरेका छन् । प्रदर्शनकारीले पालिकाको कार्यालयबाहेक सदरमुकाम मलङ्गवासहित विभिन्न स्थानका सरकारी कार्यालय र सवारी साधनमा पनि आगजनी गरेर क्षति पुऱ्याएका छन् । जेनजीको आन्दोलनपछि कतिपय कर्मचारी अझै कार्यालयमा फर्किसकेका छैनन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक (डिएसपी) सरोज राईले आगजनी र तोडफोडबाट भएको क्षतिको विवरण धमाधम सङ्कलन भइरहेको जानकारी दिनुभयो । अवस्था सामान्य बनेपछि सर्लाहीमा यातायात, विद्यालय र हाटबजार भने निर्बाधरुपमा सञ्चालन हुन थालिसकेका छन् ।

# मधेसमा भएको क्षतिको विवरण संकलन गर्न मूल्यांकन समिति गठन

जनकपुर, ३० भदौ । जेनजी आन्दोलनको सफलतापछि देशभर क्षति भएका भौतिक संरचनाको सरसफाइ, क्षतिको मूल्यांकन लगायतका काम भइरहेको छ । कतिपय सरकारी कार्यालयले सेवा प्रवाह सुरु गरिसकेका छन् । मधेस प्रदेशमा भने अहिलेसम्म प्रदेश सरकारको वैधानिकताको विषय नै प्राथमिकतामा परेको छ । मुख्यमन्त्रीको दल जनमत पार्टीले सरकारबाट फिर्ता हुने घोषणा गरिसकेको र मुख्यमन्त्रीले समेत सामाजिक सञ्जालमार्फत यस अघि नै राजीनामा दिइसकेको उल्लेख गरेपछि प्रदेशमा सरकार छ कि छैन भन्नेबारे बहस चलिरहेको छ ।

मधेस प्रदेश सरकार छ कि छैन भन्नेबारे संवैधानिक प्रश्न आफ्नो ठाउँमा छ । जनताले व्यवहारमा समेत यतिबेला मधेस सरकार रहेको महसुस गर्न सकेका छैनन् । जेनजी आन्दोलनका क्रममा प्रदेश सरकारका अधिकांश मन्त्रालयसहितका कार्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएसँगै सेवा प्रवाह गर्न नसकिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव वासुदेव मल्लका अनुसार अहिले प्रदेश सरकारबाट कुनै पनि सेवा प्रवाह गर्न सकिएको छैन । अधिकांश मन्त्रालय भवन क्षतिग्रस्त रहेकाले तत्कालै सेवा प्रवाह गर्न सक्ने अवस्था नरहेको उनी बताउँछन् । पहिला बसोबासको व्यवस्थापन गर्ने कार्य भइरहेको उनले बताए । कर्मचारी बस्ने ठाउँ भइसकेपछि मन्त्रालयबाट प्रवाह हुने सेवा सुरु गरिने उनको भनाइ छ ।

मधेस प्रदेश सरकार अन्तर्गत कति क्षति भएको छ भन्नेबारे विवरण सङ्कलन गर्ने कार्य भइरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जानकारी दिएको छ । प्रदेशमा कति क्षति भयो भन्ने हरहिसाब आउन नसकेको मुख्यमन्त्रीको कार्यालयले जनाएको छ । क्षति विवरण सङ्कलनका कार्यमा सहजीकरण गर्नका लागि उपसचिव वासुदेव मल्लको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ ।




## विद्यालय समय र तोकिएको पोशाकमा टिकटक बनाएर सामाजिक सञ्जालमा पोस्ट नगर्नू : मन्त्रालय

काठमाडौं, ३० भदौ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक तथा कर्मचारीलाई विद्यालय समय र तोकिएको पोशाकमा टिकटक बनाएर सामाजिक सञ्जालमा पोस्ट नगर्न निर्देशन दिएको छ । मन्त्रालयले सूचना निकालेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेलो सरकारमा विद्यालयका शिक्षक तथा कर्मचारीले कार्यालय समयमा तोकिएको पोशाकमा टिकटक भिडियो लगायत बाल मनोविज्ञानमा प्रत्यक्ष असर पुग्ने खालको सामग्री बनाई पोस्ट गर्ने गुनासो प्राप्त भएको जनाएको छ ।

गुनासोका आधारमा मन्त्रालयले विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीलाई तोकिएको पोशाकमा टिकटक बनाएर सामाजिक सञ्जालनमा पोस्ट नगर्न भनेको हो ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक : राम बाबु यादव, सम्पादक : कमलेश कुमार यादव, सह-सम्पादक : सत्य नारायण चौधरी, कानुनी सल्लाहाकारः कृष्ण प्रसाद दंगाल कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)